# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३ ) काठमाडौं, जेठ ४ गते २०५० साल ( अतिरिक्ताङ्क ६ (क)

## भाग ३

### श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ र ४ ले दिएको अधिकार प्रयोग गरी यही २०५० साल जेठ ३ गते नारायणघाट–मुग्लीङ्ग राजमार्गको दाशढुङ्गामा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महा-सचिव तथा प्रतिनिधि सभाका सदस्य श्री मदनकुमार भण्डारी समेत चढ्नुभएको बा. अ. च ८७९३ को जीप दुर्घटना हुनाको कारणबारे समेत यथार्थ छानबिन गरी एक महिनाभित्र श्री ५ को सरकारसमक्ष प्रतिवेदन पेश गर्न सर्वोच्च अदालतका भूतपूर्व अतिरिक्त न्यायाधीश श्री प्रचण्डराज अनिल रहनुभएको एक सदस्यीय जाँचबुझ आयोग गठन गरेको छ।

आज्ञाले,
भोजराज पोखरेल
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।